## मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय मातहतका जिल्ला स्थित सामाजिक विकास कार्यालय र कार्यक्रम सञ्चालन हुने .......... गाउँपालिका/ नगरपालिका बीच भएको सम्झौता-पत्र

कर्णाली प्रदेश भित्र रोजगारीको अवसर, कामको सिर्जना र ज्यालामा सुधार गरी श्रम प्रति थप सम्मान गर्दै समृद्ध प्रदेश निर्माणमा युवाको ज्ञान, सीप, क्षमताको उपयोग गरी सार्वजनिक विकास निर्माणका माध्यमबाट नागरिकलाई प्रत्यक्ष रोजगारी सिर्जना गरी जीवनस्तरमा सुधार गर्नका लागि मुख्यमन्त्री रोजगार कार्यक्रमलाई सञ्चालन गर्न यो त्रिपक्षीय सम्झौता गरिएको छ ।

मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, जिल्ला स्थित सम्बन्धित सामाजिक विकास कार्यालयहरु र .... ..... ..... गाउँपालिका/ नगरपालिका मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका साथै यो सम्झौता बमोजिम आ-आफ्नो भूमिका पूर्ण रुपमा निर्वाह गर्दै कार्यक्रमको कार्यान्वयन प्रति जिम्मेवार, उत्तरदायी, जबाफदेही भइ सम्झौतामा भएको समझदारीका शर्तहरु पालना गर्न सहमत, मञ्जुर भई हामी सबै पक्षले यो सम्झौता पत्रमा सहिछाप गरि लियौं दियौं ।

**(क) <u>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश सुर्खेत (पहिलो पक्ष) को लागी शर्तहरुः</u>**

१. स्थानीय तह (तेश्रो पक्ष) बाट सिफारिस भइ आएका योजनाहरु मध्येबाट कार्यान्वयनका लागि योजनाहरु तोकि पठाउने । साथै, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, मापदण्ड, निर्देशन उपलब्ध गराउने ।

२. योजनाहरुको अनुगमन/ मूल्याकन गरी पृष्ठपोषण दिने साथै प्रगति प्रतिवेदन प्राप्त गरी प्रकाशन गर्ने ।

३. कार्यक्रम संचालनको लागि आवश्यक बजेट दोश्रो पक्ष मार्फत तेश्रो पक्षलाइ उपलब्ध गराउने ।

४. कार्यक्रम सञ्चालनको क्रममा सामाजिक विकास कार्यालय, स्थानीय तहलाई सहयोग, समन्वय गर्ने।

९ख० <u>जिल्ला स्थित सम्बन्धित सामाजिक विकास कार्यालय (दोश्रो पक्ष) को लागि शर्तहरुः</u>

१. कार्यक्रम अन्तर्गतका योजनालाइ तेश्रो पक्ष मार्फत कार्यान्वयनमा ल्याउने ।

२. आ.व. २०७६।०७७ को असार २० गते सम्म स्थानीय तहले पेश गरेको कार्य प्रगति र कार्यसम्पन्न अवस्था अनुसार जस्तैः खर्चका विल, भरपाई, लगत इष्टिमेट, नापी किताव, मूल्याङ्कन एवं कार्य सम्पन्न प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरु, योजनाका फोटोहरु सहित योजना कार्यान्वयनका पुस्टयाइ सम्बन्धी प्रतिवद्धता सहितको खर्च शोधभर्ना माग गरिएको पत्र आदि नियमानुसार खर्च पुष्टयाइ हुने कागजात प्रमाणहरुको आधारमा स्थानीय तहलाई भूक्तानी दिने ।

३. योजना कार्यान्वयन सम्बन्धमा योजनाहरुको अनुगमन गर्ने ।

४. स्थानीय तहलाई कार्यक्रम कार्यान्वयन गर्न समन्वय, सहजिकरण गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई कार्य प्रगति सम्बन्धी विवरण एवं प्रतिवेदन पेश गर्ने।

**(ग) <u>सम्बन्धित स्थानीय तह (तेश्रो पक्ष) को लागि शर्तहरुः</u>**

१. प्रथम पक्षकोमा सिफारिस भएका मध्ये मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ को अनुसूची १ बमोजिमका क्षेत्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तोकिएका योजनालाइ मात्र कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

२. स्थानीय तहले प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार संयोजकको संयोजकत्वमा कार्यक्रम कार्यान्वयन हुने गरी निजलाइ नै मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको काममा दोहोरो नपर्ने आधारमा परिचालन गर्नु पर्नेछ।

३. आफ्नो क्षेत्र भित्रको सुचीकृत वेरोजगार व्यक्तिलाई रोजगारका काममा लगाउनुपर्नेछ । सो को विवरण साथै प्रगति बिबरण/प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

४. वित्तीय अनुशासन कायम गर्ने, लेखा राख्ने र आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने उत्तरदायित्व सम्बन्धित स्थानीय तह (तेश्रो पक्ष) को हुनेछ।साथै, बजेटको उपयोग सम्बन्धमा तेश्रो पक्षले सार्बजनिक लेखा परिक्षण गराउनु पर्नेछ ।

५. मुख्य मन्त्री रोजगार कार्यक्रमको बजेट रकमबाट आफ्नो क्षेत्र भित्र संचालित कार्यक्रममा बजेट सदुपयोग गर्ने तथा पारदर्शिता कायम गराइ बजेटको सदुपयोग पुष्टि गर्ने सम्बन्धमा कानूनी रुपले प्रमाणित गर्ने सम्पूर्ण जिम्मेवारी, उत्तरदायित्व तथा जबाफदेहिता तेश्रो पक्षको हुनेछ ।

६. पहिलो पक्षबाट उपलब्ध गराइएको बजेट सदुपयोगका कुनै पनि विषयमा प्रथम वा दोश्रो पक्ष वा सरोकार राख्ने निकायहरुबाट कुनै पनि समयमा हुने निरिक्षण, अनुगमन तथा मूल्यांकनमा तेश्रो पक्षले पूर्ण रुपमा सहयोग गर्नु पर्नेछ ।

७. अनुदान रकमलाई तेश्रो पक्षले कुनै प्रकारको तलब, भत्ता, चन्दा, पुरस्कारमा खर्च तथा दुरुपयोग गर्न पाउने छैन ।

८. आ.व. २०७६।०७७ को असार २० गते सम्म स्थानीय तहले आफ्नो योजनाहरुको कार्य प्रगति र कार्यसम्पन्न अवस्था अनुसार जस्तैः खर्चका विल, भरपाई, लगत इष्टिमेट, नापी किताव, मूल्याङ्कन एवं कार्य सम्पन्न प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरु, योजनाका फोटोहरु जस्ता खर्च पुष्टयाइ हुने कागजात, प्रमाणहरु संलग्न राखि योजना कार्यान्वयनका पुस्टयाइ सम्बन्धी प्रतिवद्धता उल्लेख गरी खर्च शोधभर्ना माग गरिएको पत्र सहित सम्बन्धीत सामाजिक बिकास कार्यालयबाट

भुक्तानी लगि सक्नु पर्नेछ । उपयुक्त मिति भित्र भुक्तानी नलिएको वा कागजात प्रमाण पेश गर्न नसकेको अवस्थामा तेश्रो पक्ष आफै जिम्मेवार हुनु पर्नेछ प्रथम तथा दोश्रो पक्ष खर्च शोधभर्ना गर्न बाध्य हुने छैन ।

९. सम्झौता पत्र तथा मुख्य मन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ मा उल्लेख नभएका बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| कार्यक्रम (पहिलो पक्ष) को तर्फबाट | सामाजिक बि.कार्यालय (दोश्रो पक्ष) को तर्फबाट | स्थानीय तह (तेश्रो पक्ष) को तर्फबाट |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः सचिव | पदः कार्यालय प्रमुख | पदः प्रमुख प्रशासकिय अधिकृत |
| दस्तखत | दस्तखत | दस्तखतः |
| मिति | मिति | मितिः |

<u>रोहबरः</u>

| | नाम | पद | दस्तखत | मिति |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |